# बालमैत्री सञ्चार निर्देशिका-२०७३

## प्रस्तावना

पत्रकार आचारसंहिता-२०७३ को दफा ४ को उपदफा ४ मा पत्रकार र सञ्चारमाध्यमले बालबालिकाको उत्थान र विकासमा विशेष सहयोग पुऱ्याउने गरी सूचना सम्प्रेषण गर्नुपर्दछ भन्ने सामाजिक दायित्व तोकिएको हुँदा सो दायित्वको विषयमा विशिष्टीकृत व्यवस्था हुन वाञ्छनीय भएकोले पत्रकार आचारसंहिता-२०७३ को दफा (१२) का आधारमा प्रेस काउन्सिल नेपालद्वारा बालमैत्री सञ्चार निर्देशिका-२०७३ जारी गरिएको छ ।

## प्रारम्भिक

१. **नाम, प्रारम्भ र विस्तार :**

(१) यस निर्देशिकाको नाम बालमैत्री सञ्चार निर्देशिका-२०७३ रहेको छ ।

(२) यो निर्देशिका प्रेस काउन्सिल नेपालले निर्णय गरेको मिति २०७३/१०/२६ बाट लागू भएको छ ।

(३) यो निर्देशिका नेपालमा सञ्चालित सञ्चारमाध्यम तथा नेपालभित्र रहेर पत्रकारिता गर्ने सम्पूर्ण पत्रकारलाई लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) 'काउन्सिल' भन्नाले प्रेस काउन्सिल नेपाल सम्झनुपर्छ ।

(२) 'आचारसंहिता' भन्नाले पत्रकार आचारसंहिता-२०७३ सम्झनुपर्छ ।

(३) 'निर्देशिका' भन्नाले बालमैत्री सञ्चार निर्देशिका-२०७३ सम्झनुपर्छ ।

(४) 'समाचार सम्प्रेषण' भन्नाले विद्युतीय लगायतका सम्पूर्ण सञ्चारमाध्यमबाट सम्प्रेषित श्रव्य, दृश्य, मुद्रण, चित्रांकन, छायांकन एवम् विज्ञापन लगायतका सामग्री सम्झनुपर्छ ।

(५) 'सञ्चारमाध्यम' भन्नाले पत्रपत्रिका, रेडियो, टेलिभिजन, विद्युतीय सञ्चारमाध्यम, समाचार एजेन्सी तथा इन्टरनेटका माध्यमबाट समाचार, सूचना, विज्ञापन, तथा विचारमूलक लेख वा कार्यक्रम उत्पादन, वितरण एवं सम्प्रेषण गर्ने संघ, संस्था, निकाय, कम्पनी, सेवा प्रदायक र सेवा सम्झनुपर्छ ।

(६) 'पत्रकार' भन्नाले कुनै सञ्चारमाध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन, सञ्चार र सम्प्रेषणजस्ता कार्यसँग आवद्ध कुनै पनि व्यक्ति वा सो कार्यसँग सम्बन्धित कुनै पनि पद, हैसियत र सम्बन्धमा काम गर्ने व्यक्ति सम्झनुपर्छ ।

## पत्रकार र सञ्चारमाध्यमको कर्तव्य

३. **पत्रकार र सञ्चारमाध्यमले बालबालिका सम्बन्धी समाचार सम्प्रेषण गर्दा देहायअनुसारका कर्तव्य पालना गर्नुपर्छ :**

(क) **बालबालिकालाई प्राथमिकता:** पत्रकार र सञ्चारमाध्यमले बालबालिकामा सकारात्मक प्रभाव पार्ने सामग्रीलाई विशेष प्राथमिकता दिई समाचार सम्प्रेषण गर्नुपर्दछ ।

(ख) **बालबालिकाको अधिकारको संरक्षण :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकाको अधिकारको संरक्षण र हित हुने गरी समाचार सामग्री सम्प्रेषण गर्नुपर्दछ ।

(ग) **बीभत्स सामग्री सम्प्रेषणमा सजगता :** पत्रकार र सञ्चारमाध्यमले हिंसा, हत्या, आगजनी, प्राकृतिक विपत् जस्ता घटना वा दुर्घटनासम्बन्धी तस्वीर वा दृश्यका सम्बन्धमा बालबालिकामा नकारात्मक मनोवैज्ञानिक असर नपुऱ्याउने गरी विशेष सजगता र सावधानीका साथ सम्प्रेषण गर्नुपर्दछ ।



मुख्य अधिकृत

(घ) **अन्तर्वार्ता लिनु पूर्व स्वीकृति :** पत्रकार र सञ्चारमाध्यमले अभिभावक, शिक्षक वा संरक्षकको पूर्व स्वीकृति लिएर मात्र बालबालिकाको अन्तर्वार्ता वा समाचार सम्प्रेषण गर्नुपर्छ ।

(ङ) **विज्ञापनमा बालबालिकाको प्रयोगमा सजगता :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकाको हित र सुरक्षामा प्रतिकूल असर नपर्ने गरी विज्ञापन सम्प्रेषण गर्नुपर्छ ।

(च) **बालबालिका निम्ति उपयोगी सामग्री सम्प्रेषण :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकाको अभिरुचि, विचार र भावनाका लागि उपयोगी हुने समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

(छ) **बाल-बिज्याइँ वा अपराधका घटनामा बाल संवेदनशील व्यवहार :** पत्रकार र सञ्चारमाध्यमले बाल-विज्याइँमा बालन्यायको सिद्धान्तलाई सधैं आत्मसात् गरी समाचार सम्प्रेषण गर्नुपर्छ ।

(ज) **बालबालिकाको गोपनीयताको संरक्षण :** बालबालिकामाथि उनीहरूका नातेदारबाट यौनहिंसा वा दुर्व्यवहार भएको अवस्थामा बालबालिकाको गोपनीयताको संरक्षण गर्न पत्रकार र सञ्चारमाध्यमले अभियुक्तको समेत परिचय गोप्य राखी समाचार सामग्री सम्प्रेषण गर्नुपर्छ ।

(झ) **सनसनी वा अतिरञ्जित सामग्रीमा सम्प्रेषणमा सजगता :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकासँग सम्बन्धित समाचार सामग्रीलाई सनसनी वा अतिरञ्जित नबनाई सम्प्रेषण गर्नुपर्छ ।

### पत्रकार र सञ्चारमाध्यमले गर्न नहुने

४. **पत्रकार र सञ्चारमाध्यमले बालबालिकासम्बन्धी समाचार सम्प्रेषण गर्दा देहायअनुसार कार्यहरू गर्नहुँदैन:**

(क) **बाल मनोविज्ञानमा नकारात्मक असर पार्न नहुने :** पत्रकार र सञ्चारमाध्यमले बालमनोविज्ञानमा नकारात्मक असर पार्ने समाचार सामग्री सम्प्रेषण गर्नु हुँदैन ।

(ख) **बालबालिकाको आत्मसम्मानमा ठेस पुऱ्याउन नहुने :** पत्रकार र सञ्चारमाध्यमले बाल संवेदनशीलतामा प्रतिकूल असर पर्ने र बालबालिकाको आत्मसम्मानमा ठेस पुग्ने समाचार सामग्री सम्प्रेषण गर्नु हुँदैन ।

(ग) **बालबालिकालाई हानि पुऱ्याउन नहुने :** पत्रकार र सञ्चारमाध्यमले सार्वजनिक हित हुने बाहेक अन्य अवस्थामा बालबालिकालाई हानि पुग्ने, जोखिम हुने वा तत्कालीन र दीर्घकालीन रूपमा नकारात्मक असर पर्ने गरी उनीहरूको पहिचान सार्वजनिक गर्नु हुँदैन ।

(घ) **साक्षी वा अभियुक्तको रूपमा परिचय गराउन नहुने :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकालाई घटनाका साक्षी वा अभियुक्तका रूपमा चिनाउन वा स्रोतका रूपमा प्रयोग गरी उनीहरूको परिचय खुलाउन हुँदैन ।

(ङ) **रेखाचित्र, तस्वीर र दृश्यको प्रयोग गर्न नहुने :** पत्रकार र सञ्चारमाध्यमले सकारात्मक सन्देश प्रवाहित गर्ने अवस्थामा बाहेक बालबालिकाको व्यक्तिगत परिचय खुल्ने गरी रेखाचित्र, तस्वीर र श्रव्यदृश्यको सम्प्रेषण गरी उनीहरूलाई कुनै किसिमको जोखिममा पार्नु हुँदैन ।

(च) **अश्लील सामग्री प्रस्तुत गर्न नहुने :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकालाई प्रयोग गरी तयार गरिएको अश्लील सामग्री सम्प्रेषण गर्नु हुँदैन ।

(छ) **बालबालिकामाथि जोखिम हुने गरी विज्ञापन सम्प्रेषण गर्न नहुने :** पत्रकार र सञ्चारमाध्यमले बालबालिकाको हित र सुरक्षामा जोखिम हुने र उनीहरूलाई निहित राजनीतिक वा व्यापारिक उद्देश्यले प्रयोग गरिएको विज्ञापन सम्प्रेषण गर्नु हुँदैन ।

(ज) **बालबालिकाको परिचय खुलाउन नहुने :** पत्रकार र सञ्चारमाध्यमले यौनहिंसा वा दुर्व्यवहारमा परेका बालबालिकाको परिचय खुलाएर समाचार सामग्री सम्प्रेषण गर्नु हुँदैन ।

(झ) **सकेसम्म अन्तर्वार्ता लिन नहुने :** पत्रकार र सञ्चारमाध्यमले सकेसम्म बालबालिकाको अन्तर्वार्ता लिनु हुँदैन ।

प्रमुख अधिकृत

## विविध

५. **उजुरी र कार्यवाही :** पत्रकार आचारसंहिता, २०७३ मा व्यवस्था भएबमोजिम हुनेछ ।

६. **निर्देशन र सुझाव :** (१) यो निर्देशिकाको पालना गर्न/गराउनका लागि प्रेस काउन्सिल नेपालद्वारा समय-समयमा जारी गरिएका निर्देशन र सुझावको पालना गर्नु पत्रकार र सञ्चारमाध्यमको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन र सुझावलाई यसै निर्देशिकाको अभिन्न अंग मानिनेछ ।

७. **कार्यविधि बनाउन सक्ने :** (१) यो निर्देशिका लागू गर्न पत्रकार आचारसंहिता-२०७३ अन्तर्गत बनेको कार्यविधि लागू हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिका अतिरिक्त छुट्टै वा विशेष कार्यविधि बनाउन सक्नेछ ।

८. **आन्तरिक निर्देशिका :** (१) यो निर्देशिका लागू गर्न प्रत्येक सञ्चारमाध्यमले बालबालिका सम्बन्धी समाचार सम्प्रेषण आन्तरिक निर्देशिका बनाई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बनेको कुरा प्रेस काउन्सिल नेपाललाई सूचित गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निर्देशिका लागू भए/नभएको बारेमा प्रेस काउन्सिल नेपालले समय-समयमा बुझ्न, सूचना लिन वा अनुगमन गर्न सक्नेछ ।

९. **बचाउ :** यस निर्देशिकामा लेखिएका विषयमा यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा पत्रकार आचारसंहिता- २०७३ बमोजिम हुनेछ ।

१०. **व्याख्या गर्ने अधिकार :** यो आचारसंहिता लागू गर्ने सम्बन्धमा बाधा अड्काउ फुकाउने एवं यो आचारसंहिताको व्याख्या गर्ने अधिकार प्रेस काउन्सिल नेपालमा रहनेछ ।

मुख्य अधिकृत